# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय :**

मुद्दा नं. : ०८१-०१-०१०

निर्णय नं. : ०२

दायरी मिति : २०८१/१२/२१

निर्णय मिति : २०८२/०६/२२

मुनिराज शाहीको बुहारी मनोज शाहीको श्रीमती काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २२ बस्ने वर्ष ४२ की राज्य खड्गी ............................१

भिम प्रसाद अधिकारीको बुहारी काशिराम अधिकारीको श्रीमती काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित तारकेश्वर नगरपालिका वडा नं. २ बस्ने वर्ष ४५ की रिता अधिकारी ..........................................................१

शिव प्रसाद सिग्देलको बुहारी पुरुषोत्तम सिग्देलको श्रीमती काठमाडौं जिल्ला थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. ६ बस्ने वर्ष ६८ की देवकी सिग्देल ..........................................१

धनलाल गोपालीको नाती हरिकृष्ण गोपालीको छोरा काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. ४ बस्ने वर्ष ५२ को धन कृष्ण गोपाली ..................................................१

उजुरीकर्ता
वादी

**विरुद्ध**

लोक बहादुर बस्नेतको नाती प्रेम बहादुर बस्नेतको छोरा काठमाडौं जिल्ला, वाडभन्ज्याङ्ग गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. २ बस्ने वर्ष ५५ को विसुराम बस्नेत .............................................१

विपक्षी
प्रतिवादी

**मुद्दा :- सहमति बमोजिम खुलाएको बाटो यथावत् कायय गरी पाउँ ।**

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**वादीको साक्षी :**

क) काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ६ बस्ने वर्ष ४७ को अनन्त सिग्देल ..........१

ख) काठमाडौँ जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. २ बस्ने वर्ष ४५ को काशीराम अधिकारी ...१

ग) काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ३ बस्ने वर्ष ३२ को भुवन श्रेष्ठ ..............१

घ) काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १० बस्ने वर्ष ४६ को मनोज शाही ....१

**प्रतिवादीको साक्षी :**

क) काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. २ बस्ने अं. वर्ष ६७ को उत्तम रेग्मी ......................१

ख) ऐ.ऐ. बस्ने अं. वर्ष ४९ को कुमार श्रेष्ठ .............१

ग) ऐ.ऐ. बस्ने अं. वर्ष ४९ को सुरज पोखरेल ............१

**प्रमाण :**

क) बाटोको फोटो र गुगल नक्साको प्रतिलिपी ......३

ख) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी .....४

ग) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ..............४

घ) घर बाटो सिफारिस पत्रको प्रतिलिपी ............१

ङ) निवेदको प्रतिलिपी ...................................१

च) च.नं. २०६८ मिति २०७५/११/०१ मा २ नं. वडा कार्यालयबाट भएको सिफारिस पत्रको प्रतिलिपी ...............................................१

छ) मिति २०६८/०७/१९ मा सहमति गरेको माईन्यूटको प्रतिलिपी ...............................२

ज) नापी नक्साको प्रतिलिपी ...........................१

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ...........१

ख) नापी नक्साको प्रतिलिपी ..................................१

ग) जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी .....................१

घ) सर्भेयरले नक्सा फिल्ड नापजाँचको प्रतिलिपी ........२

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

क) च.न.पा. २ नं. वडा कार्यालयको च.नं. २९९० मिति २०८२/०३/२३ मा पत्र साथै सर्जमिन मुचुल्का ............................................................................................ ४

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१) विपक्षी प्रतिवादी बिसुराम बस्नेतले हामी वादीहरूले प्रयोग गर्दै आईरहेको का.जि. चन्द्रागिरि न.पा. वडा नं. २ साबिक बाडभञ्ज्याङ्ग गा.बि.स. वडा नं. ६/क कि.नं. २१, ७७, ७८ र ८१ को जग्गाहरूमा आवत जावत गरिरहेको बाटो मिति २०६८/०७/१९ मा बाडभञ्ज्याङ्ग

गा.वि.स. वडा नं. ६/क पछोराको चौर सम्म आईपुगेको कच्ची मोटर बाटोलाई वडावासीहरूको छलफल माईन्युटबाट यक्षघाटसम्म जाने बाटो निर्माण गर्न साविक बाडभञ्ज्याङ्ग गा.बि.स. सचिवको रोहबरमा दायाँबायाँ रहेका कित्ता जग्गाहरूको साँधबाट दुबै तर्फको जग्गाबाट ४/४ फिट जग्गा छोडी जग्गाधनीहरूको सहमतिमा ८ फिटे कच्ची मोटरबाटो खोली हामीहरू उक्त खोलेको बाटो प्रयोग गरि हिड्डुल समेत गरि रहेका थियौं । सोही मितीमा वडा भेलामा सहमती हुँदा निज विपक्षीले समेत सोही संक्कल माईन्युटको सि.नं. २६ मा सहीछाप समेत गर्नु भएको थियो । उक्त बाटोलाई पुनः सरसफाई गर्नुपर्ने अवस्था आएको हुँदा चन्द्रागिरि न.पा. २ नं. वडा कार्यालयबाट च.नं. २०६८ मिति २०७५/११/०१ मा सिफारिस लिई पालिकामा द.नं. २६५५ मिती २०७५/११/०१ मा निवेदन दर्ता गरि गैरी पिपल टोल हुँदै यक्षश्वर घाट जाने बाटो सरसफाई गर्न स्वीकृती लिई बाटो मेशिन लगाई सरसफाई समेत गरेको साविकमा ८ फिट रहेको बाटो कायम भएको झण्डै १३ वर्ष पछि निज विपक्षीले जग्गाको हालको चलनचल्तीको दर भाउको लोभ लालसामा परि खनी निजले उल्टै सो बाटोको जग्गा मिच्ने र बाटो खनी आफ्नो जग्गामा मिसाउने कार्य गरेकोमा हामीहरूले पटक-पटक निजलाई सम्झाउँदा बाटो छोड्छु बात गरौ भन्दै हामीहरूलाई झुलाउने कार्य गरिरहनुभयो सो बाटो खनी साँघुरो बनाउने कार्य गरी अवरोध गरेको कारण मिती २०८० पुस ०८ गते हामी वादीहरूले चन्द्रागिरि न.पा. वडा नं. २ को कार्यालयमा सो बाटो स्तर उन्नती सहित सुचारु गरि पाँउ भनि निवेदन दिएका थियौं भने हामीहरू स्थानीयलाई दुःख हैरानी दिने नियत राखि आफैंले सहमति भई खोलिएको ८ फिटे बाटो मिच्ने कार्यले रोकि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) को (ठ) बमोजिम यसै समितिको क्षेत्राधिकार भित्र पर्ने हुँदा मिचिएको बाटो पुनः यथावत् कायम गरी सुचारु समेत गराई पाउँ भन्ने वादी राज्य खड्गी समेतको उजुरी माग दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा** :

१) विपक्षी फिरादीहरूले दावी लिएको माइन्युटमा मैले सहि गरेको भन्ने कुरा सत्य नै रहेको भए तापनि अन्य कुराहरू नक्कली र बनावटी रहेका छन् । का.जि. साविक वाडभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६/क कि.नं. ८९ को मेरो नाममा रहेको जग्गामा मिति २०६८/०७/१९ मा मेरो घरमा केहि व्यक्तिहरू आई मेरो जग्गा हुँदै जाने गरी साँधका दुवैतर्फका कित्ताहरूले बराबर जग्गा व्यहोर्ने गरी बाटो बनाउने भनि भनेकोमा मैले मेरो जग्गाको पूर्व तथा उत्तर तर्फ पुरै जग्गाको मोहडा हुने गरी बाटो जाने तथा मेरो जग्गाको दक्षिणतर्फ पहिलानै बाटो रहेको हुँदा सो स्थानमा बाटो आवश्यक नभएकोले बाटो दिन्न भनि भनेको कुरालाई निजहरूले मिति २०६८/०७/१९ को माइन्यूटको शर्त बमोजिम बाटो खोल्नुहोस् भनि भनेकोमा विपक्षीहरूलाई आवश्यक परेको बाटो नापी नक्सामा समेत कित्ताकाट गरी नेपाल सरकारको नाउँमा बाटो कायम गराई लिन सक्ने अवस्थामा सो नगरी मेरो मिचेको जग्गा फिर्ता जग्गा बाटो दिन सहमति गर्न सकिने मेरो प्रस्तावमाथि छलफल नै नगरी मलाई दुःख हैरानी दिने, मेरो जग्गा मिचि खाने दुषित नियत राखि झुठा फिराद दावी लिई दायर भएको फिराद खारेज गरी न्याय इन्साफ पाउँ भन्ने व्यहोराको प्रतिवादी विसुराम बस्नेतको प्रतिउत्तर जिकिर रहेको छ ।

## वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :

का.जि. साविक मिति २०८१/०७/१९ गते काठमाडौं जिल्ला साविक बाडभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ मा समुहिक भेलाको सहमतिमा पछोराको चौर सम्मआई पुगेको कच्चि मोटरबाटोलाई हामीहरूको जग्गाको साँधबाट दायाँ बायाँ ४/४ फिट छाडी जम्मा ८ फिट चौडाईको बाटो यक्षघाट सम्म पुग्दा बाटोमा पर्ने जग्गाहरूबाट बाटोको लागि जग्गा छोडीदिन अठ्ठाईस जनाले मञ्जुरी भई निर्माण भएको बाटोको सम्वन्धमा च.नं. २०६८ मिति २०७५/११/०१ मा च.न.पा. वडा नं. २ स्थित रहेको गैरी पिपल टोलबाट यक्षघाट जाने खोलिएको बाटो विविध कारणले बन्द भई हाल मानिसहरू आवतजावत गर्न पनि असुविधा हुन भएकोले उक्त बाटोलाई मेसिन लगाई सफा गर्नुपर्ने भएकोले उक्त बाटोमा पर्ने जग्गाधनीहरूले समेत उक्त कार्यको लागि सहमति दिनुभएको हुँदा उक्त कार्य गर्नको लागि स्विकृति पाउन सिफारिस पाउँ भनि माग गरे बमोजिम बुझ्दा व्यहोरा मनासिब देखिन आएकोले नियमानुसार उक्त बाटोमा मेसिन/डोजर लगाई सफा गर्नको लागि स्विकृति दिनुहुन सिफारिस गरिएको पत्रका साथै च.नं. ५०१ मिति २०७५/०२/०८ मा घर/बाटो प्रमाणीत गरि पठाईएको पत्रमा कि.नं. ८७, ११४ र ११३ मा घर छैन कच्चि मोटरबाटो रहेको छ भनि उल्लेख गरेको देखिन्छ। यसरी उक्त बाटोको स्तर उन्नतीको लागि नगरपालिकाबाट समेत बजेट बिनियोजन भई मेसिन लगाई बाटो निर्माण भएको कुरालाई स्थलगत फोटोमा प्रष्टसँग कच्चि मोटर बाटो सञ्चालना रहेको देखिन्छ।

## प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :

प्रतिवादीले नापी नक्सा र गुगल नक्सा राखेको देखिन्छ।

## दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :

वादीको तर्फबाट बहस पैरवी गर्ने विद्वान अधिवक्ता गुरुप्रसाद पोखेलले पन्द्र वर्ष भन्दा लामो समय देखि सार्वजनिक बाटोको रुपमा सहमतिमा खोलिएको कच्ची मोटर बाटोलाई बन्द गर्ने नियत राखि बाटोलाई प्रयोग नै गर्न नमिल्ने गरी अवरोध सिर्जना गरेको हुँदा सो कार्य कानून तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त विपरित समेत भएको हुँदा गैरी पिपल टोलबाट यक्षघाट जाने सार्वजनिक रुपमा प्रयोगमा आईसकेको कच्चि मोटर बाटो भएको त्यसै गरी फिल्डमा समेत कच्चि मोटर बाटो रहेकोले उक्त बाटोको अवरोध हटाई बाटो सुचारु गराई बाटो कायम गरी पाउँ भनि गर्नु भएको बहस सुनियो।

प्रतिवादीको तर्फबाट बहस पैरवी गर्ने विद्वान अधिवक्ता रमेश महर्जनले विना सहमति निजी जग्गावाट बाटो खोल्ने कानूनी व्यवस्था नभएको हुँदा का.जि साविक वाडभञ्ज्याङ गा.वि.स. वडा नं. ६/क को कि.नं. ८९ कित्ता जग्गामा सार्वजनिक बाटो नभएको हुँदा यस विवादवाट अलग फुर्सद दिलाई न्याय गरी पाउँ भनि राख्नु भएको बहस सुनियो।

## दुवै पक्ष बिचमा फरक परेको विषय :

काठमाडौं जिल्ला साविक वार्डभञ्ज्याङ गा.वि.स. वडा नं. ६/क को कि.नं. ८९, ८१, ७७ र ७८ जग्गाहरूमा रहेको सार्वजनिक कच्चि मोटर बाटो हो, होइन ? उक्त विवादित कच्ची मोटर बाटो सार्वजनिक रुपमा सुचारु गराउने नगराउने विषयमा मुख नमिलेको देखिन आयो।

## निर्णय खण्ड

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाण हेरी निर्णय तर्फ विचार गर्दा का.जि. साविक मिति २०८१/०७/१९ गते काठमाडौं जिल्ला साविक बार्डभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६/क मा सामुहिक भेलाको सहमतिमा पछोराको

चौरसम्म आईपुगेको कच्चि मोटरबाटोलाई हामीहरूको जग्गाको साँधबाट दायाँ बायाँ ४/४ फिट छाडी जम्मा ८ फिट चौडाईको बाटो यक्षघाटसम्म पुग्दा बाटोमा पर्ने जग्गाहरूबाट बाटोको लागि जग्गा छोडी दिन अठ्ठाईस जनाले मञ्जुरी भई निर्माण भएको बाटोको सम्बन्धमा च.नं. २०६८ मिति २०७५/११/०१ मा च.न.पा. वडा नं. २ स्थित रहेको गैरी पिपल टोलबाट यक्षघाट जाने खोलिएको बाटो विविध कारणले बन्द भई हाल मानिसहरू आवतजावत गर्न पनि असुविधा हुन भएकोले उक्त बाटोलाई मेसिन लगाई सफा गर्नुपर्ने भएकोले उक्त बाटोमा पर्ने जग्गाधनीहरूले समेत उक्त कार्यको लागि सहमति दिनुभएको हुँदा उक्त कार्य गर्नको लागि स्विकृति पाउन सिफारिस पाउँ भनि माग गरे बमोजिम बुझ्दा व्यहोरा मनासिब देखिन आएकोले नियमानुसार उक्त बाटोमा मेसिन/डोजर लगाई सफा गर्नको लागि स्विकृति दिनुहुन सिफारिस गरिएको पत्रका साथै च.नं.ल ५०१ मिति २०७५/०२/०८ मा घर/बाटो प्रमाणीत गरि पठाईएको पत्रमा कि.नं. ८७, ११४ र ११३ मा घर छैन कच्चि मोटरबाटो रहेको छ भनि उल्लेख गरेको देखिन्छ। यसरी उक्त बाटोको स्तर उन्नतीको लागि नगरपालिकाबाट समेत बजेट बिनियोजन भई मेसिन लगाई बाटो निर्माण भएको कुरालाई स्थलगत फोटोमा समेत प्रष्ट सँग कच्चि मोटर बाटो सञ्चालना रहेको देखिन्छ। न्यायिक समितिको मिति २०८२/०२/२८ गतेको आदेशानुसार च.न.पा. २ नं. वडा कार्यालयको च.नं. २९९० मिति २०८२/०३/२३ गते प्राप्त हुन आएको पत्र साथै सर्जमिन मुचुल्कामा अन्य स्थानमा बाटो यथावत रहेकोमा कि.नं. ८९ जग्गामा पर्ने बाटोलाई खनि साँघुरो बनाई कृषि कार्य गरेको पाईयो। १५ वर्षभन्दा लामो समयसम्म वादी लगायत सर्वसाधारणले उपभोग गरी त्यसैको आधारमा विभिन्न चरणमा पटक-पटक निर्वाध रुपमा किनबेच गर्दै उपभोग हुँदै आएको उक्त कच्ची मोटर बाटोको निकासलाई थुन्न वा रोक्नु कानुन विपरीत हुनजाने देखिन्छ।

सानुमाया श्रेष्ठसमेत वि. दावा शेर्पिनी समेतको ०६९-CI-०५९७ को निषेधाज्ञायुक्त परमादेश (श्री सर्वोच्च अदालत, बुलेटिन २०७१, मङ्सिर ०२) मुद्दामा बाटोको हकमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६२/१०/१३ को निर्णयअनुसार व्यक्तिको स्वामित्वमा रहेको निजी बाटोलाई सार्वजनिक बाटो कायम गरेकोलाई मान्यता दिई सिद्धान्त प्रतिपादन भएको पाईन्छ। चन्द्रमा नाञ्जुसमेत विरुद्ध कृष्णभक्त खयरगोलीसमेतको (ने.का.प. २०६९, नि.नं. ८९२०, अंक ११, पृष्ठ १६९२) मुद्दामा *"विधिशास्त्रीय मान्यतामा स्वामित्वको अभाव भएपनि निकासको सुविधाको दृष्टिले निरन्तर रुपमा भोगचलन गरीरहेको बाटो, भञ्याङ्ग आदिलाई विशेषाधिकारको रुपमा दिइने हुँदा कुनै वस्तु एकको स्वामित्वमा भए पनि निकास आदिमा सो वस्तुउपर अरुको कायम रहेको भोगाधिकारको हक सुनिश्चित हुने"* भनि सिद्धान्त प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दामा विवादित कच्ची मोटर बाटोको स्वामित्वको सम्बन्धमा विवाद नभई उक्त बाटो यी वादी समेतले लामो समयसम्म निरन्तर रुपमा भोगचलन गरेको र नगरपालिकाबाट स्तर उन्नतीको लागि लगानी समेत भएको पाईएको आधारमा उक्त बाटोमा Third Party Right सिर्जना हुन सक्दैन भन्न मिल्ने नदेखिँदा लामो समय देखि उक्त कच्ची मोटर बाटोमा वादी समेतको आवत जावत गर्न पाउने हक सुनिश्चित हुने देखिन्छ। सार्वजनिक कच्ची मोटर बाटोको निकास नै अवरोध गरी कृषि प्रयोजनमा ल्याउने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम कानूनसम्मत एवं न्यायोचित हुने देखिँदैन। मिति २०७५/०२/०८ गतेको घर बाटो सिफारिस पत्रमा घर छैन कच्चि मोटर बाटो समेत उल्लेख गरी उक्त बाटोलाई सार्वजनिक रुपमा नरोकी प्रयोग गर्न दिई सोहि आधारमा किनबेच हुँदै आएको हुँदा नेपाल सरकारको नाउँमा बाटो कायम नहुँदैमा र नक्सामा समेत नजनाएको भनि जिकिर लिदैमा सार्वजनिक बाटो वन्द गर्न पनि नमिल्ने हुनाले वादी समेतले जुनरुपमा भोग गरिरहेको सहमतिमा १५ वर्ष अगाडी देखि खोलिएको सार्वजनिक कच्ची मोटर बाटो हो सोही रुपले बाटो प्रयोग गर्न पाउने निर्णय गरियो। अरुमा तपसिल वमोजिम गर्नु।

## तपसिल खण्ड

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ५१ बमोजिम ३५ दिने म्याद प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद दिनु। ........................................................................................................................ १

(ख) मालपोत कार्यालय, कलंकी र नापी कार्यालय, कलंकीलाई कि.नं. ८९, ८१, ७७ र ७८ जग्गाहरूमा सहमतिमा खोलिएको कच्ची मोटर बाटो नेपाल सरकारको नाममा कायम गर्न निर्णयको प्रति सहित जानकारी लेखि पठाउनु। ........................................................ २

(ग) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु। ........................................................................................ ३

(घ) प्रहरी वृत्त थानकोटलाई सार्वजनिक बाटो खुलाउन आवश्यक सुरक्षा प्रवन्ध गर्न लेखि पठाउनु। ........................................................................................................ ४

(ङ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु। ......................................................................................................... ५

(च) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु। ................ ६

२०८२।६।२२
रत्नलाल श्रेष्ठ
सदस्य

२०८२।६।२२
सीता मण्डल सत्याल
सदस्य

२०८२।६।२२
बसन्ती श्रेष्ठ
संयोजक

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

**न्यायिक सहजकर्ता**
निरञ्जन गोपाल वतौंला शर्मा

इति सम्वत् मिति २०८२ साल असोज महिना २२ गते रोज ०४ शुभम् ..............................